असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

**कर्पोरेट कार्यालय : मेचीनगर-६, कोशी प्रदेश**

nmc for good culture & prosperity NMC coop 1994

NMC SAVING & CREDIT SINCE 1994

## सदस्य सहजकर्ता कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*मिति : २०८२।१२।२४ गते*

संस्थाद्वारा सञ्चालित बचत तथा ऋण व्यवसाय अन्तर्गत **एनएमसी फिक्कल सेवाकेन्द्रका** लागि संस्थाको कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०८२) तथा सदस्य सहजकर्ता कर्मचारी सम्बन्धी आन्तरिक कार्यविधि २०७९(संशोधन २०८२) बमोजिम **सदस्य सहजकर्ता पदमा** खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले देहाय अनुसारको योग्यता पुगेका उम्मेद्वारबाट दरखास्त आह्वान गरिन्छ ।

### (१) विज्ञापन नं ३० (२०८२।०८३)

| एकाई नं. | एकाईको भौगोलिक क्षेत्र | कैफियत |
|---|---|---|
| एकाई ६ | पूर्व : पाथिभरा मन्दिर क्षेत्र<br>पश्चिम : सुवेदी गाँउसम्म<br>उत्तर : तीनखुट्टे ,ढोडे<br>दक्षिण : तल्लो फिक्कल टोल | १ जना |

### (२) छनोट प्रक्रियाका आधारहरू :

| क्र.सं. | विवरण | अंकभार | कैफियत |
|---|---|---|---|
| १. | लिखित परीक्षा | ४० | वस्तुगत ३०, विषयगत १० |
| २. | संस्थाको सदस्य | ५ | अघिल्लो आर्थिक वर्षसम्ममा भएको हुनुपर्ने |
| ३. | मोटरसाइकल/स्कुटरको सवारी चालक अनुमति पत्र | ५ | |
| ४. | मौखिक अन्तर्वार्ता | ५० | |
| | **पूर्णाङ्क** | **१००** | |

### (३) लिखित परीक्षाका लागि पाठ्यक्रम : ४० अंक

| क्र.सं. | वस्तुगत पाठ्यक्रम विवरण | ३० अंक |
|---|---|---|
| १ | एसईई वा सो सरहको पाठ्यक्रम | १५ |
| २ | समसामयिक सामान्यज्ञान | १० |
| ३ | नेपाल बहुउद्देश्यीय सहकारी संस्था विशेष | ५ |
| क्र.सं. | विषयगत पाठ्यक्रम विवरण | १० अंक |
| १ | निवेदन लेखन | ५ |
| २ | अनुच्छेद लेखन (तोकिएको विषयमा) | ५ |

### (४) अन्य बुँदाहरु

- **परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता हुनेछ ।
- **परीक्षा मिति, परीक्षा केन्द्र** : परीक्षा सम्बन्धि सूचना पछि प्रकाशन गरिने छ ।
- **दरखास्त दस्तुर** : रु.२००।- (दुई सय)
- **दरखास्त दिने अन्तिम मिति** : मिति २०८३ बैशाख ३ गते बिहीबारसम्म ।
- **उम्मेद्वारको उमेरको हद (महिला/पुरुष)** : आवेदन दिने अन्तिम दिन २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको नेपाली नागरिक ।
- **पदमा रही गर्नुपर्ने कामको विवरण** : तोकिएको एकाइ क्षेत्रमा फिल्ड संकलनको काम गर्नु पर्नेछ ।
- **सेवा सुविधा** : संस्थाको नियम अनुसार

- **आवश्यक न्यूनतम शैक्षिक योग्यता** : कम्तीमा एसईई परीक्षामा न्यूनतम् १.६ जिपीए प्राप्त गरेको वा साविक एसएलसी उत्तीर्ण गरेको ।
- **वाञ्छनीय योग्यता** : स्मार्ट फोन चलाउन जान्ने
  सामान्य अंग्रेजी बोल्न र लेख्न जान्ने, सवारीचालक अनुमति पत्र अन्तर्गत A र K समूहको इजाजत प्राप्त भएको ।
- **सेवाको प्रकृति** : करार
- तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकार गरिने छैन ।
- आवेदकहरुले संस्थाले तोकेको दरखास्त फारम भरी न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, राष्ट्रिय परिचय पत्रको प्रतिलिपि, पासपोर्ट साइजको ३ प्रतिफोटो ,व्यक्तिगत विवरण (Bio-Data) र हस्तलिखित निवेदन, परीक्षा दस्तुर बुझाएको जम्मा भौचर नेपाली रेकर्ड फाइलमा संलग्न राखि **एनएमसी फिक्कल सेवाकेन्द्रमा** बुझाउनु पर्नेछ ।
- सहकारी संस्थामा कार्य गरेको अनुभव र तालिमका प्रमाण भएमा दरखास्त फारम पेश गर्दा संलग्न गर्नु पर्नेछ ।
- विदेशबाट शैक्षिक योग्यता हासिल गरेको भए समकक्षताको प्रमाण अनिवार्य पेस गर्नु पर्नेछ ।
- संस्थाको कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०८२) बमोजिम सञ्चयकोष, ग्रेड, उपदान, बोनस र बिदा लगायतका अतिरिक्त सुविधा प्रदान गरिने छ ।
- आवेदन शुल्क संस्थाको बचत तथा ऋण व्यवसाय अन्तरगत प्रधान कार्यालयको बचत हि.न.०९९५३००००६३ NMC SEWA AAYOG खातामा जम्मा गरी जम्मा भौचर आवेदन फायलमा अनिवार्य राख्नु पर्नेछ ।
- उम्मेद्वारले जम्मा गरिसकेको आवेदन दस्तुर फिर्ता हुने छैन ।
- अन्तिम छनोटमा परेका उम्मेद्वारहरूले संस्थाले तोके अनुसारको धितो धरौटीको व्यवस्था गर्नुपर्नेछ ।
- उत्तीर्ण परीक्षार्थीले नियुक्ति लिनुपूर्व स्वास्थ्य परीक्षण, प्रहरी रिपोर्ट, स्थायी लेखा नम्बर, अनिवार्य पेस गर्नु पर्नेछ ।
- कार्यसम्पादन मूल्याङ्कनका आधारमा करार अवधि थप गर्न सकिने छ ।

**थप जानकारीका लागि : एनएमसी फिक्कल सेवाकेन्द्र ९८५२६८९४६७**

**- कर्पोरेट मानव संसाधन विभाग**